# १८ औ नगरसभा

मितिः २०८२।०५।१४

लेटाङ नगरपालिका

लेटाङ, मोरङ

मिति:२०८२।०५।१४

नगरसभा निर्णयहरु:

| क्र.स. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | आय ठेक्का सम्बन्धमा। | लेटाङ नगरपालिकाको आन्तरिक आय ठेक्का सम्बन्धमा दुई पटक सम्म ठेक्काको सूचना आवहान गर्दा समेत कुनैपनि बोलपत्रदाताबाट बोलपत्र पेश हुन नआएको र ठेक्का समयअवधि समेत संकुचन भएको अवस्था छ। उक्त सन्दर्भमा राजश्व संकलनका लागि नगरपालिकाबाट कर्मचारी खटाउँदा समेत कर्मचारी अभावका कारण प्रभावकारी रूपमा लक्ष्य अनुसार राजश्व संकलन हुन नसकेको, यस अघि नगरसभाबाट पारित करको दर र दायरा अनुसार लक्ष्य अनुरूप राजश्व संकलन हुने अवस्था नदेखिएकोले राजश्वको केहि शिर्षकहरूमा दर दायरा संसोधन गर्नुपर्ने देखिन्छ। यसका अतिरिक्त पुनः तत्काल ठेक्का व्यवस्थापन नगर्दा मुख्य चाड पर्वमा अधिक कारोबारबाट थप राजश्व नगरपालिकालाई प्राप्त हुने नदेखिएको र राजश्व संकलनमा हानी नोक्सानी हुने हुँदा यस प्रकारको विशेष परिस्थितिमा ठेक्काको समयाअवधी असोज महिना सम्मको घटाई दामासाहीले हुन आउने रकम अनुसार न्यूनतम ठेक्का अङ्क मु.अ.कर बाहेक एकमुष्ठ रू ६५०००००/-(पैसठ्ठी लाख) कायम गरी १५ दिने बोलपत्र सम्बन्धी सूचना प्रकासन गर्ने। |
| २ | आर्थिक ऐन संसोधन सम्बन्धमा। | राजश्व परामर्श समितिको सिफारिसमा लेटाङ नगरपालिकाको आर्थिक ऐन २०८२ मा करको दर तथा दायरामा संसोधन गर्नुपर्ने आवश्यक देखिएको भनी नगर कार्यपालिकाबाट आएको प्रस्ताव स्विकृत गर्ने। |